# सर्वोच्च अदालत

## अनुसन्धान तथा योजना महाशाखा

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फांट उल्लेख गर्नुहोला।

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०७४२,
एक्सचेन्ज ४-२६२३९७, ४-२६२३९८ ४-२६२८०१, ४२५८१२२ ४-२६२८९५, ४-२५०३१६ } २६०४ २६०५ २६०६
Email: info@supremecourt.gov.np
Email: research@ supremecourt.gov.np
Website:www.supremecourt.gov.np


पत्र संख्या
च.नं. १६८६०

श्री उच्च अदालतहरु सबै
श्री उच्च अदालतका अर्को इजलासहरु तथा अस्थायी इजलासहरु सबै
श्री विशेष अदालत काठमाडौं
श्री राजश्व न्यायाधिकरण सबै
श्री बैदेशिक रोजगार न्यायाधिकरण सबै
श्री प्रशासकीय अदालत
श्री जिल्ला अदालतहरु सबै
श्री श्रम अदालत।

विषयः- परिमार्जित मासिक र वार्षिक प्रतिवेदनका फारामहरुको सम्बन्धमा।

उपर्युक्त विषयमा न्यायापालिकाको चौथो पञ्चबर्षीय रणनीतिक योजना मिति २०७६।०४।०१ देखि लागु भै योजना कार्यान्वयनको पहिलो वर्षको अन्तिम चरण र दोस्रो बर्षको प्रारम्भको क्रममा रहेको छ। मिति २०७५।०५।०१ देखि संहिता कानूनहरु कार्यान्वयनमा आएको तथा मिति २०७७।०४।०१ देखि फरक मुद्दाको फरक व्यवस्थापन पद्धतिसमेत लागु हुन गइरहेको सन्दर्भसमेतलाई मध्यनजर गरी न्यायापालिकाको चालु रणनीतिक योजनाले निर्धारण गरेको लक्ष्य एवं कार्यसम्पादन सूचकबमोजिमका विवरणसमेत प्राप्त हुने गरी उच्च अदालत, जिल्ला अदालत र अन्य अदालत तथा न्यायाधिकरणहरुका निर्धारित मासिक तथा वार्षिक प्रतिवेदन फारमहरुमा केही संसोधन एवं परिमार्जन गरी सम्बन्धित अदालतमा इमेल गरिएको छ। साथै सर्वोच्च अदालतको वेभ पृष्ठमा समेत राखिएको छ।

योजना तथा अनुसन्धान समितिको मिति २०७७।०३।१९ गतेको बैठकबाट भएको निर्णयानुसार २०७७ श्रावण महिनादेखिको मासिक प्रतिवेदन र आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन तयार गरी पठाउँदा उक्त संशोधित तथा परिमार्जित फारामहरु पठाउनु पर्ने निर्णय भएको व्यहोरा अनुरोध गर्दछु। तसर्थ, २०७७ श्रावण महिनादेखिको मासिक प्रतिवेदन र आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदनका परिमार्जित फारामहरु सर्वोच्च अदालतको वेभ पृष्ठबाट डाउनलोड गरी प्रयोग गर्नुहुन र उच्च अदालतका इजलासहरुले आफू मातहतका जिल्ला अदालतहरुलाई सर्वोच्च अदालतको वेभ पृष्ठमा राखिएका परिमार्जित फारमहरुको प्रयोग गरी मासिक र वार्षिक प्रतिवेदन पठाउने व्यवस्था मिलाउन आवश्यक सहयोग र समन्वय गर्नुहुन समेत अनुरोध गर्दछु। साथै उक्त परिमार्जित फारमहरुका सम्वन्धमा कुनै

# सर्वोच्च अदालत

## अनुसन्धान तथा योजना महाशाखा

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खासमा विभाग तथा फाँट उल्लेख गर्नुहोला।

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०७४२,
एक्सचेन्ज ४-२६२३९७, ४-२६२३९८ / ४-२६२८०१, ४२५८१२२ / ४-२६२८९५, ४-२५०३१६ — २६०४ / २६०५ / २६०६
Email: info@supremecourt.gov.np
Email: research@ supremecourt.gov.np
Website: www.supremecourt.gov.np


पत्र संख्या
च.नं. ९६५६०

सर्वोच्च अदालत काठमाडौं

सुझाव भए वा विवरण भर्दा कुनै द्विविधा भएमा सर्वोच्च अदालत, योजना तथा अनुसन्धान महाशाखाको इमेलमा पठाउन वा देहायमा समावेश निर्देशनहरुको अन्तिम बुँदामा उल्लेखित फोन नं. मा सम्पर्क गर्नुहुन समेत अनुरोध छ।

देहायबमोजिम गर्न गराउनु हुन निर्देशानुसार अनुरोध गरिन्छ।

१. उच्च अदालत तथा उच्च अदालतका अर्को इजलास एवं अस्थायी इजलास, जिल्ला र अन्य अदालत तथा न्यायाधिकरणहरुले सर्वोच्च अदालतमा वार्षिक र मासिक प्रगति प्रतिवेदनहरु नियमित रुपमा research@supremecourt.gov.np मा इमेल गरी पठाउने।

२. वार्षिक तथा मासिक प्रतिवेदनका फारामहरु भर्दा अनिवार्य रुपमा युनिकोडमा टाइप गर्ने।

३. इमेलबाट प्रतिवेदन तयार गरी पठाउदा कुन सालको कुन महिनाको प्रतिवेदन हो सो कुरा अनिवार्य खुलाउने।

४. प्रतिबर्दनका फारामहरु तयार गरी पठाउदा microsoft excel मा बनाइ पठाउने।

५. आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन मिति २०७७ श्रावण १५ गते भित्र soft copy योजना तथा अनुसन्धान महाशाखाको इमेल research@supremecourt.gov.np तथा मूल प्रति (hard copy) योजना तथा अनुसन्धान महाशाखामा यथाशीघ्र पठाउने।

६. प्रतिवेदनका फारामहरु Excel Worksheet मा निर्माण गरिएकोले केही विवरण Row तथा Column लुकेको पनि हुन सक्ने हुँदा सो हेर्नुहुन र फारामहरुमा पूर्णरुपमा सबै विवरण भर्ने तथा तथ्यांक नभएको खाली स्थानमा "०" (शून्य) राखी भरेर प्रत्येक फाराममा कूल जम्मा गर्ने।

७. वार्षिक तथा मासिक प्रतिवेदन तयार गर्ने कर्मचारीको नाम, थर र सम्पर्क मोवाइल नम्बर अनिवार्य रुपमा प्रतिवेदनमा उल्लेख गर्ने।

८. यस विषयमा थप जानकारी आवश्यक परेमा सर्वोच्च अदालतको फोन नं. ०१-४२००७२२, अनुसन्धान अधिकृत श्री ठाकुरप्रसाद पौडेलको मोवाइल नं. (९८४८०२३७३९) मा सम्पर्क गर्नुहोला।

ठाकुरप्रसाद पौडेल
अनुसन्धान अधिकृत